नेपाली भाषामा ध्वनि परिवर्तन - सन्दर्भमा प्रदीप गुरुङकृत 'वैरी माया' कथा सङ्ग्रह

- **चन्द्रिका राई**
नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालय

सार - ध्वनि भाषाको सबैभन्दा सानो एकाइ हो। भाषिक ध्वनिमा आएको परिवर्तनलाई ध्वनि परिवर्तन भनिन्छ। ध्वनिमा परिवर्तन ल्याउने कारक तत्त्वहरू अनेक छन्। यस लेखमा पाठमा देखिने भाषिक ध्वनि परिवर्तनका कारणहरूबारे उल्लेख गर्दै प्रदीप गुरुङको कथा सङ्ग्रह **वैरी माया**मा सङ्ग्रहित कथाहरूमा सोद्देश्य रूपमा गरिएको भाषिक ध्वनि परिवर्तनका प्रक्रियामध्ये समीभवन, विषमीभवन, आगम, लोप आदिबारे अध्ययन गरिएको छ। यो लेख योगेन्द्रप्रसाद यादव र भीमनारायण रेग्मीको **भाषाविज्ञान**, बालकृष्ण पोखरेलको **राष्ट्रभाषा** र देवीप्रसाद गौतमको **नेपाली भाषा परिचय** पुस्तकलाई आधार गरेर तयार पारिएको छ।

बीज शब्द- भाषा, ध्वनि, कथ्य भाषा, वर्ग,स्तर,समीभवन, आगम, लोप, विषमीभवन।

१ विषय प्रवेश

परिवर्तनशीलता भाषाको एउटा महत्त्वपूर्ण विशेषता हो। समयका अन्तरालसँगै प्रत्येक भाषा परिवर्तन भइरहन्छ। भाषिक परिवर्तन भाषाका विशेषतः ध्वनि, व्याकरण र अर्थका तहमा हुन्छन्। भाषाको सबैभन्दा सानो एकाइ भएको हुनाले ध्वनिलाई भाषाको आधार तत्त्व मानिन्छ। अतः भाषिक परिवर्तन मुख्य रूपमा ध्वनि स्तरमा नै टड्कारो रूपमा मुखरित भएको देखिन्छ। नेपाली भाषामा विशेष गरेर सन्धि, समास र व्युत्पादन अन्तर्गत ध्वनि परिवर्तन भएको देखिन्छ।

ध्वनि परिवर्तन विशेषतः दुईवटा कारणले हुन्छ- आन्तरिक र बाह्य। ध्वनि उच्चारणका क्रममा हुने परिवर्तन वा भावात्मक आवेगका कारण हुने परिवर्तन ध्वनिको आन्तरिक परिवर्तनका कारण हुन्। कतिपय शब्दहरूलाई हटाएर वा छोट्ट्याएर उच्चारण गर्दा ध्वनिमा परिवर्तन आउँछ। वक्ताले बोलेको श्रोताले राम्ररी नसुन्दा अनुकरणमा त्रुटि उत्पन्न हुन्छ। यसैले इन्द्रियहरूमा हुने कमी कमजोरीले पनि ध्वनि परिवर्तन हुन्छ। यसरी नै शारीरिक विभिन्नता, अशिक्षा वा अज्ञानता जस्ता कारणले पनि ध्वनि परिवर्तन हुँदछ। कुनै शब्दको अधिक प्रयोग गरिनाले पनि कतिपय ध्वनिहरू थपघट हुने स्थिति उत्पन्न हुन्छ। मानिसको बोल्ने आआफ्नै तरिका हुन्छन्। कोही मानिस ढिलो बोल्छन्, कोही अपेक्षाकृत छिटो बोल्छन्। यसरी छिटो बोल्दा पनि कतिपय शब्दका ध्वनिहरू लोप हुने गर्दछ। दार्जिलिङ तथा सिक्किम क्षेत्रमा बोलिने 'कोल्ले', 'थे', 'येल्ले', 'भको' जस्ता शब्दहरू यस्तै छिटो बोल्नाका परिणामस्वरूप निर्माण भएको मान्न सकिन्छ। शब्दका उच्चारण गर्दा कुनै ध्वनिमा अधिक बल प्रयोग हुन्छ भने कुनैमा कम बल प्रयोग हुन्छ। यसरी जुन ध्वनिमा कम बल प्रयोग हुन्छ त्यो ध्वनि लुप्त हुँदै जान्छ। मानिस संवेदनशील प्राणी हो। यसैले क्रोध, भय, घृणा, प्रेम जस्ता भावहरू व्यक्त गर्ने क्रममा पनि ध्वनि परिवर्तन भएको देखिन्छ। कविहरूले आफ्ना कृतिमा छन्द, लय आदि मिलाउँदा कतिपय ध्वनिको थपघटले पनि ध्वनि परिवर्तन भएको देखिन्छ।

ध्वनि परिवर्तनको बाह्य कारण अन्तर्गत भौगोलिक अवस्थिति, सांस्कृतिक सम्मिश्रण, सामाजिक, राजनैतिक, ऐतिहासिक कारण आदि पर्दछन्। वैज्ञानिक आविष्कारसँगै उत्पन्न शब्दहरू एउटा भाषादेखि अर्को भाषासम्म पुग्दा पनि तिनीहरूका ध्वनिमा परिवर्तन भएको देखिन्छ। जस्तै - बाइसाइकललाई नेपाली वा अन्य

कतिपय भाषामा साइकल, साइकिल आदि भनिन्छ। भौगोलिक अवस्थिति भाषिक ध्वनि परिवर्तनको प्रमुख कारण हो। विभिन्न स्थानमा बसोबास गर्ने मानिसहरूमाझ एकाअर्कासँग सम्पर्क नहुँदा तिनीहरूका बोलीमा भिन्नता उत्पन्न हुन्छ। एउटै शब्दलाई विभिन्न ठाउँमा विभिन्न प्रकारले उच्चारण गर्नाको कारण पनि यही भौगोलिक विविधता हो। भाषाको भौगोलिक अवस्थिति अनुरूप देखापर्ने क्षेत्रीय भाषिका हो।

'सादृश्यका कारण पनि भाषिक ध्वनिमा परिवर्तन हुन्छ। विशेष गरी भाषामा रहेका कुनै तत्त्वका उपमानमा अर्को भाषिक तत्त्वको उपस्थिति नै सादृश्य हो (न्यौपाने, वि सं २०६१, पृ-७१)। जर्मनीको खेलकुदसँग सम्बन्धित लुगाफाटा, जुत्ता आदि सामानहरू बनाउने प्रसिद्ध कम्पनी 'एडिडास'को अनुकरण गरेर अहिले 'एबिबास', 'आदिबास', 'अबिदास' जस्ता नामका सामानहरू बनाइएका देखिन्छन्। यसरी नै अन्य कम्पनीहरू जस्तै- 'नाइकी'का सादृश्यमा 'नाइक', 'फिला'का सादृश्यमा 'इला', 'स्टारबक्स'का सादृश्यमा 'सरदारबक्स', 'रिबक'का सादृश्यमा 'रिबुक' जस्ता शब्दहरूको प्रयोग गरिएको पाइन्छ। प्रदीप गुरुङले 'वाकवाक' शब्दका सादृश्यमा 'ह्वाकह्वाक' शब्दको प्रयोग गरेका छन्। अभिव्यक्तिमा अझ स्पष्टता ल्याउन, अभिव्यक्तिगत कठिनाइ हटाएर सहजता ल्याउन सादृश्यद्वारा भाषिक परिवर्तन गरिएको देखिन्छ।

पाठमा लेखकले आफ्नो अभिव्यक्तिलाई विशिष्ट तुल्याउन वा कलात्मक सौन्दर्य सिर्जना गर्ने हेतुले भाषिक नियमहरूको उल्लङ्घन गर्दछ। पाठमा शब्द स्तरमा विशेष गरेर भाषाको कथ्य रूपको प्रयोग हुँदा भाषिक ध्वनिमा परिवर्तन आएको देखिन्छ। "ध्वनिको उच्चारणले अनेक दृष्टिबाट वक्ता वा प्रयोक्ताको स्तर वा वर्गलाई द्योतित गर्दछ" (तिवारी, इ सं २०१८, पृ-१५९)। पाठमा संवादको बेला वा कुनै बेला कथक आफैले पनि ध्वनिको उच्चारणमा अनियमितताको परिपालन गरेको हुन्छ।

पाठमा कथानकलाई थालनीदेखि अन्तसम्म सफलतापूर्वक डोऱ्याउन सक्ने पात्रको चयन गरिन्छ। यसैले पात्रले प्रतिनिधित्व गर्ने समाज उसको स्तर अनुकूल हुनु आवश्यक हुन्छ। पात्रले जिउने समाजको सजीव चित्रण उसको बोल्ने तरिकाद्वारा पाठमा झल्किन्छ। यसैले पाठमा पात्रका वर्ग र स्तर अनुसारको भाषा प्रयोगमा स्वाभाविकता ल्याउने हेतुले भाषिक ध्वनि परिवर्तन गरिएको देखिन्छ। कुनै पनि भाषाको भाषिक क्षेत्र अनुसारको बोली हुन्छ। कहिलेकहीँ पाठमा विभिन्न स्थानका पात्रहरूको चयन गरिएको हुन्छ। यस बेला उनीहरूले बोल्ने बोलीको तरिका वा शैलीले उनीहरूको भाषिक क्षेत्र विशेषको परिचय वा जानकारी दिन सहयोग पुऱ्याउँछ। यसरी कुनै भाषिक क्षेत्रलाई झल्काउन पनि भाषिक ध्वनिमा परिवर्तन गरिएको हुन्छ।

कुनै कुराको अभिव्यक्तिमा जोड दिंदा वा बल प्रयोग गरेर उच्चारण गर्दा शब्दमा कतिपय भाषिक ध्वनि लुप्त हुने वा कुनै ध्वनि आगमन हुने देखिन्छ। कहिलेकहीँ हीनता बोध गराउने उद्देश्यले पनि भाषिक ध्वनिमा परिवर्तन गरिएको देखिन्छ। पात्रलाई गाउँले, पाखे, अशिक्षित भनेर होच्याएको कुरा परोक्ष रूपमा प्रस्तुत गर्ने क्रममा पनि भाषिक ध्वनि परिवर्तन भएको हुन्छ।

कथामा विभिन्न उमेरका पात्रहरूको उपस्थिति हुन्छ। तिनीहरू सबैको उमेर तोक्न असमर्थ भएको खण्डमा कतिपय कथामा तिनीहरूको बोलीद्वारा उमेर खुट्ट्याउन सकिने देखिन्छ। यसरी पात्रका उमेर अनुसारको बोली प्रयोग गर्दा पनि भाषिक ध्वनिमा परिवर्तन गरिएको हुन्छ। भाषिक ध्वनि परिवर्तनले पाठमा पूर्वाग्रह, परिहास, हीनता आदि झल्काउन पनि सहयोग पुऱ्याएको देखिन्छ। पात्रका स्तर, वर्ग, अशिक्षा, आक्रोश आदि कुरालाई सोझै अभिव्यक्ति नदिएर उसका बोलीद्वारा वा ध्वनिमा परिवर्तन गरेर पाठमा कलात्मकता र आकर्षण भर्ने काम गरिएको हुन्छ।

कथाकार प्रदीप गुरुङको कथा सङ्ग्रह **वैरी माया**का कथाहरूमा विशेषतः दार्जिलिङे भाषिकाको प्रयोगले वा कथ्य वा बोलचालको भाषाका प्रयोगले भाषिक ध्वनिमा परिवर्तन आएको देखिन्छ। यस अतिरिक्त सन्दर्भ र प्रसङ्ग अनुसार पूर्वेली भाषिकाको प्रयोगले पनि उनका कथामा ध्वनि परिवर्तन भएको देखिन्छ।

२ ध्वनि परिवर्तनका प्रक्रियाका आधारमा प्रदीप गुरुङका कथाहरूको विश्लेषण

ध्वनि परिवर्तन भनेको ध्वनिमा हुने परिवर्तन हो। 'ध्वनि परिवर्तन अन्तर्गत कहिलेकहीँ कुनै एउटा ध्वनि अर्को ध्वनिमा परिवर्तित हुन्छ भने कहिलेकहीँ चाहिँ विभिन्न कारणले कुनै ध्वनिको लोप हुन्छ। यसै गरी कहिलेकहीँ कुनै नयाँ ध्वनिको आगम हुन्छ भने कहिलेकहीँ चाहिँ शब्दभित्रका ध्वनिहरूले ठाउँ साटासाट गर्छन्' (गौतम, वि सं २०४९, पृ- ६२)। नेपाली भाषामा ध्वनि परिवर्तन हुने विभिन्न प्रक्रियाहरू छन्। ती हुन्- समीभवन, विषमीभवन, लोप, आगम, अनुनासिकता, महाप्राणीभवन, अल्पप्राणीभवन, ह्रस्वीभवन, दीर्घीभवन, हकारीभवन आदि। यीमध्ये ध्वनि परिवर्तनका केही प्रक्रियाका आधारमा **वैरी माया**का कथा सङ्ग्रहका कथाहरूको अध्ययन, विश्लेषण तल गरिएको छ।

२.१ समीभवन

कुनै ध्वनि अर्को ध्वनिका प्रभावमा आएर त्यस्तै वा उस्तै वा उही बन्ने प्रक्रिया समीभवन प्रक्रिया हो (गिरी, वि सं २०६३, पृ-५०)। समीभवन विभिन्न किसिमका हुन्छन्। जस्तै- प्रगत समीभवन, परागत समीभवन, पारस्परिक समीभवन, सन्निकट समीभवन र दूरवर्ती समीभवन आदि। यी विभिन्न किसिमका समीभवनका आधारमा प्रदीप गुरुङको **वैरी माया** कथा सङ्ग्रहको विश्लेषण यस प्रकार छ-

२.१.१ प्रगत समीभवन

पछिल्लो ध्वनि अघिल्लो ध्वनिका प्रभावमा आएर अघिल्लो ध्वनि जस्तै बन्ने प्रक्रियालाई प्रगत समीभवन भनिन्छ (गिरी, वि सं २०६३, पृ-५१)। प्रदीप गुरुङको 'भ्रमित' शीर्षकको कथामा प्रयुक्त 'गाहाकी' शब्दलाई प्रगत समीभवनको उदाहरणस्वरूप लिन सकिन्छ। जस्तै- गाहाकी [ग्+आ+ह्+आ+क्+ई] यहाँ पछिल्लो [अ] ध्वनि अघिल्लो [आ] ध्वनिका प्रभावले [आ] ध्वनिमा परिवर्तन भएको हुनाले 'गाहकी' शब्द 'गाहाकी' भएको छ। यस कथामा कुखुरा दोकाने किस्नेले उक्त शब्द प्रयोग गरेको छ। संवादका क्रममा प्रयुक्त उक्त शब्दले रिस व्यक्त गरिएको कुरो जनाउँदछ। कामले व्यस्त भएको अवस्थामा पनि स्वास्नी मन्दिर जाने कुरा सुनेर किस्ने रिसाएको हो भन्ने कुराको अभिव्यक्ति उक्त शब्दमा [आ] ध्वनिको आगम भएको छ। जस्तै- 'हटियामा कुखुराको ओजन गर्नु कि मारेर छिलछाल पारी गाहाकीलाई दिनु? सघाउनुपर्छ नि बिहान बिहानै मन्दिर!' (गुरुङ, इ सं २०१६, पृ- २)। यसरी नै 'यस्सै' शब्दलाई पनि प्रगत समीभवनको उदाहरणस्वरूप लिन सकिन्छ। जस्तै- यस्सै [य्+अ+स्+स्+ऐ]

यहाँ पछिल्लो [त्] ध्वनि अघिल्लो [स्] ध्वनिका प्रभावमा आएर [स्] ध्वनिमा परिवर्तन भएको हुनाले 'यस्तै' शब्द 'यस्सै' भएको छ। प्रदीप गुरुङले एकाधिक कथामा यस शब्दको प्रयोग गरेका छन्। कुनै कुरालाई 'यस्तै नै भन्यो' भनेर जोड दिन वा कुनै कुराको सत्यताको ठोकुवा गर्ने हेतुले उनका कथामा यस शब्दको प्रयोग गरिएको देखिन्छ। उदाहरणार्थ- 'पाताङ र खुकुरी ठोक्किएर कुन दिन बज्छ होला है। आगोको झिल्का छाडेर भिडमा कुन्नि कसले यस्सै भन्यो'(गुरुङ, इ सं २०१६, पृ-१४२)। यहाँ राजनैतिक कारणले राई र लाप्चेहरूको लडाइँ हुने कुरो पक्का रहेको बुझाउन उक्त शब्दको प्रयोग गरिएको छ।

२.१.२ परागत समीभवन

अघिल्लो ध्वनि पछिल्लो ध्वनिका प्रभावमा आएर पछिल्लो ध्वनि जस्तै बन्ने प्रक्रियालाई परागत समीभवन भनिन्छ (गौतम, वि सं २०४९, पृ-६४)। प्रदीप गुरुङको 'असारै महिनामा' नामक कथामा प्रयुक्त 'यल्लाई' शब्द परागत

समीभवनको उदाहरण मान्न सकिन्छ। जस्तै- यल्लाई [य्+अ+ल्+ल्+आ+ई]। यहाँ [स्] ध्वनि पछिल्लो [ल्] ध्वनिका प्रभावमा आएर [ल्] ध्वनिमा परिवर्तन भएको हुनाले 'यसलाई' शब्द 'यल्लाई' भएको छ। यस कथामा भरियाहरू पात्रका रूपमा उपस्थित छन्। निम्नवर्गीय अशिक्षित भरियाहरूले बोल्ने वा तिनीहरूका स्तरअनुसारको कथ्य भाषाको प्रयोगमा स्वाभाविकता ल्याउने हेतुले कथाकारले यस शब्दको प्रयोग गरेका देखिन्छन्। जस्तै- 'हन के इवाँक चल्यो हँ यल्लाई। आज कमाइ राम्रै पड्काएछ कि क्या हो मोराले?'(गुरुङ, इ सं २०१६, पृ-११५)।

यसरी नै उनको 'वैरी माया' नामक कथामा प्रयुक्त 'कल्ले' शब्द पनि परागत समीभवनको उदाहरण हो। जस्तै-'कल्ले'[क्+अ+ल्+ल्+ए]यहाँ अघिल्लो [स्] ध्वनि पछिल्लो ध्वनि [ल्] का प्रभावमा आएर [ल्] ध्वनिमा परिवर्तन भएको हुनाले'कसले' शब्द 'कल्ले' बन्न पुगेको छ। यस शब्दको प्रयोग प्रायः अशिक्षितहरूले गर्छन्। यस कथामा गाउँका अशिक्षित निम्नवर्गीय पात्रहरू छन्। यसरी तिनीहरूको स्तरलाई प्रतिनिधित्व गर्ने भाषाका प्रयोगमा स्वाभाविकता ल्याउने आशयले उक्त शब्दको प्रयोग गरिएको देखिन्छ। उदाहरणार्थ- 'तर भन्नेको मुख कल्ले थुन्ने?' (गुरुङ, इ सं २०१६, पृ-६३)।

२.१.३ पारस्परिक समीभवन

यसमा निकटवर्ती कुनै दुईवटा ध्वनि परस्पर प्रभावबाट अर्कै ध्वनिमा परिवर्तन हुन्छ। प्रदीप गुरुङको कथामा प्रयुक्त 'रच्छे' शब्दलाई यसको उदाहरणस्वरूप लिन सकिन्छ। बोलचालको भाषा प्रस्तुत गर्ने क्रममा उनका कथामा 'रक्षा' शब्दलाई 'रच्छे' भनिएको पाइन्छ। 'रक्षा' शब्दको निर्माण [र् + अ + क् + ष् +आ] बाट भएको छ भने 'रच्छे' शब्द [र्+ अ + च् + छ् + ए] बाट निर्माण भएको छ। उपर्युक्त 'रक्षा' शब्दको [क्] र [ष्] ध्वनि परस्पर प्रभावबाट 'रच्छे' शब्दमा [च्] र [छ्] ध्वनिमा परिवर्तन भएको छ।

२.२ अल्पप्राणीभवन

महाप्राण ध्वनि अल्पप्राण ध्वनिमा परिवर्तन हुने प्रक्रियालाई अल्पप्राणीभवन भनिन्छ। प्रदीप गुरुङको 'स्यान्ट्रो, सेलरोटी र ढुङ्ग्रो' नामक कथामा प्रयुक्त 'कान्चा' र 'कान्ची' शब्दहरू अल्पप्राणीभवनका उदाहरणहरू हुन्। उक्त कथामा 'कान्छा' र 'कान्छी' शब्दको उच्चारण 'कान्चा' र 'कान्ची' शब्दका रूपमा गरिएको छ। उक्त शब्दमा महाप्राण ध्वनि [छ्] अल्पप्राण ध्वनि [च्] मा परिवर्तन भएको छ। यस कथामा हिन्दी भाषी पात्रहरू छन्। तिनीहरूले [च्] ध्वनिलाई [छ्] भनेर उच्चारण गरेका छन्। हिन्दी भाषामा संयुक्त व्यञ्जनको द्वितीय सदस्यका रूपमा महाप्राण ध्वनि अल्पप्राण ध्वनिभन्दा कम प्रयोग हुन्छ (तिवारी, २०११, पृ-५६)। वस्तुतः पात्रको बोलीमार्फत उसको जातिगत परिचय उद्घाटन गर्ने ध्येयले 'कान्चा' र 'कान्ची' शब्दको सोद्देश्य प्रयोग गरिएको देखिन्छ। यसका साथै नेपालीहरूलाई विदेशी भनेर अवहेलना गरेको देखाउन वा हियाएर भनेको कुरा बुझाउने हेतुले उक्त शब्द प्रयोग गरिएको देखिन्छ। कथामा उक्त शब्द प्रयोग गरिएको वाक्यको नमुना यस प्रकार छ- 'ओ तुम लोग कान्चा कान्ची हो? दार्जिलिङ नेपाल मे पड्ता हे क्या?'(गुरुङ, इ सं २०१६, पृ-२७)।

२.३ महाप्राणीभवन

अल्पप्राण ध्वनि महाप्राण ध्वनिमा परिवर्तन हुने प्रक्रियालाई महाप्राणीभवन भनिन्छ। प्रदीप गुरुङको 'वैरी माया' कथा सङ्ग्रहमा प्रयुक्त 'लोधर', 'गर्धन', 'अफ्ठेरो', 'अठ्ठाइस' आदि शब्दहरू महाप्राणीभवनका उदाहरण हुन्। उनका कथाका प्रायः पात्रहरू खटिखाने मजदुरहरू छन्। यसैले तिनीहरूको सामाजिक स्तर प्रतिविम्बित गराउने हेतुले उनले तिनीहरूकै स्तरको भाषा प्रयोग गरेका छन्। उनका कथामा कुनै कुरामा जोड दिँदा, रिसाएर कुनै कुरा भन्दा, भावुक हुँदा अल्पप्राण ध्वनिको स्थानमा महाप्राण ध्वनिको प्रयोग गरिएको देखिन्छ।

उनको 'साँइली बरी चियाबारीमा' नामक कथामा 'लोदर' शब्दको [द्] अल्पप्राण ध्वनि [ध्] महाप्राण ध्वनिमा परिवर्तन भएर 'लोधर' भएको छ। साँझमा भाले बास्दा लोदर लाग्छ वा अप्रिय घटना घट्छ भन्ने लोकविश्वास पाइन्छ। यस कथामा उक्त शब्द प्रयोगबाट एकाधिक कुरा बुझाउन खोजिएको देखिन्छ। यस कथामा छोराको मृत्यु हुन्छ भन्ने डर, शङ्का तथा भाले साँझमा बासेर लोदर जनाएको कुरामा रिस आदि कुरा प्रस्तुत गर्न उक्त शब्द प्रयोग गरिएको छ। यो कुरा साँझमा भाले बासेको सन्दर्भबाट पनि थाहा लाग्छ। तर साँझमा भाले बासेको कुरालाई पात्रद्वारा भन्न लगाएर यस कुरामा अझ जोड दिइएको देखिन्छ वा साँझमा भाले बास्नाले लोदर पक्कै लाग्छ भन्ने कुरा बुझिन्छ। 'लोदर' शब्दले जुन अर्थ दिन्छ 'लोधर' शब्दले त्यस अर्थमा अझ बढी आकर्षण थप्ने काम गर्छ। यसरी भनाइलाई अझ आकर्षक बनाउन, रिसाएको भन्ने कुरा प्रस्तुत गर्न उक्त शब्दमा महाप्राण ध्वनि आएको छ। उदाहरणार्थ- 'लोधर, देउताको भाले पालेको...हेर, साँझमै बासेर। यसलाई नकाटी त भएकै छैन...' (गुरुङ, इ सं २०१६, पृ-१८)।

'वैरी माया' कथामा प्रयुक्त 'अप्ठेरो' शब्दको स्थानमा 'अफ्ठेरो' शब्द प्रयोग गरिएको छ। यस शब्दमा अल्पप्राण [प्] ध्वनि महाप्राण [फ्] मा परिवर्तन भएको छ। यस कथामा मायामा हार खाएकाले जैवीरे भावुक हुन्छ। यसैले उसको भावुकता झल्काउन, उसले आफैलाई दोस्याएको कुराको जानकारी दिन उक्त शब्दको ध्वनिमा परिवर्तन गरिएको देखिन्छ। जस्तै- 'म त मान्छे नै अफ्ठेरो। मेरो त मायाको गन्ती नै बिजोडी?'(गुरुङ, इ सं २०१६, पृ-६५)।

२.४ लोप

शब्दमा प्रयोग भएका स्वर वा व्यञ्जन ध्वनिहरूमध्ये कुनै ध्वनि हरायो वा त्यस ध्वनिको प्रयोग हुन छाड्यो भने त्यसलाई ध्वनिलोप भनिन्छ (गौतम, इ सं २०४९, पृ-७०)। शब्दमा कहिलेकहीँ एकभन्दा बढी ध्वनिको पनि लोप भएको देखिन्छ। ध्वनिको स्थान विशेषको लोपका आधारमा यसलाई मुख्यतः चार प्रकारमा वर्गीकृत गरेर अध्ययन गर्न सकिन्छ- आदिवर्णलोप, मध्यवर्णलोप, अन्त्यवर्णलोप र समध्वनिलोप।

२.४.१ आदि वर्ण लोप

शब्दका सुरुको वर्ण हराउनुलाई आदिवर्ण लोप भनिन्छ। यसलाई पनि आदिस्वर लोप र आदिव्यञ्जन लोप गरेर दुई भागमा छुट्ट्याएर अध्ययन गर्न सकिन्छ। मूलतः शब्दका माझ वा अन्त भागमा बढी जोड दिइयो भने आदिको ध्वनि लोप भएको देखिन्छ। प्रदीप गुरुङको **वैरी माया** कथा सङ्ग्रहमा सङ्ग्रहित कथाहरूमा आदिस्वर लोप भएका शब्दहरू न्यून मात्रामा लक्ष्य गर्न सकिन्छ।

उनको 'सम कथा' नामक कथामा आदिस्वर लोप भएको शब्द [रे] प्रयोग गरिएको छ। यस शब्दमा आदिको [अ] स्वरध्वनि लोप भएकाले 'अरे' शब्द 'रे' शब्दमा परिवर्तन भएको छ। यस कथामा उक्त शब्द सामान्य मानिसले प्रयोग गरेको देखाएर कथाकारले उसको सामाजिक स्तर दर्साउन चाहेको देखिन्छ। जस्तै- 'भोट परिचय पत्र दिने प्रणालीको विरोधमा रे' (गुरुङ, इ सं २०१६, पृ- ४८)।

'मिल्ने मन' कथामा अङ्ग्रेजी 'टायम' शब्दको नेपालीकरण गर्दा [आ] आदिस्वर लोप भएर 'ट्याम' भएको छ। रणबहादुर, सुनमाया जस्ता सडक बनाउने काम गर्ने मजदुरहरूको स्तर सुहाउँदो भाषाको प्रयोग गर्ने हेतुले कथाकारले उक्त शब्द प्रयोग गरेका देखिन्छन्। उक्त शब्द प्रयोगबाट यी पात्रहरू अशिक्षित र निम्न वर्गका हुन् भन्ने कुरे उद्घाटन गर्न खोजिएको देखिन्छ। यस कथामा प्रयुक्त उक्त शब्दको नमुना यसरी देखाउन सकिन्छ- 'दिउँसोको ट्याम भयो। खाजाको लागि मेलो मेसो गर्ने समय भयो' (गुरुङ, इ सं २०१६, पृ-८६)।

२.४.२ मध्य वर्ण लोप

कुनै शब्दका बिचको वर्ण हराउनुलाई मध्यवर्ण लोप भनिन्छ। यसलाई पनि मध्यस्वर लोप र मध्यव्यञ्जन लोप गरेर दुई भागमा विभाजन गर्न सकिन्छ। प्रदीप गुरुङको 'काली केटी र सरहरू' कथामा प्रयुक्त 'दुईटै' शब्दमा मध्यव्यञ्जन [व्] लोप भएको देखिन्छ। यस कथामा राज सर शिक्षित छन्। तर उसको घरमा काम गर्ने काली केटी अशिक्षित छे। यसैले काली केटीको स्तरसँग मिल्ने भाषाको प्रयोग गर्ने हेतुले कथाकारले उक्त शब्दको प्रयोग गरेका देखिन्छन्। कथामा प्रयुक्त उक्त शब्दको नमुना यस प्रकार छ- 'एउटा के दुईटै भन्'(गुरुङ, इ सं २०१६, पृ-९६)।

यसरी नै उनका कथामा मध्यस्वर ध्वनि लोप भएका शब्दहरू पनि प्रयोग गरिएको पाइन्छ। उनको 'भ्रमित' नामक कथामा प्रयुक्त 'तिम्लाई' शब्दमा मध्यस्वर [ई] लोप भएको छ। यस कथामा रिसाएको बेला बोलीको प्रवाह तीव्र गतिको हुँदा उक्त ध्वनि लोप भएको देखाउने उद्देश्यले उक्त शब्द प्रयोग गरिएको देखिन्छ। उदाहरणार्थ- 'आजै तिम्लाई मन्दिर जान परेको? आफूलाई चाहिँ इः अहिले बोइलर कटाइले सास फेर्न नपाइला जस्तो हुन्छ' (गुरुङ, इ सं २०१६, पृ-२)।

यसरी नै 'काली केटी र सरहरू' कथामा 'म्युनिसिपल' जस्तो अङ्ग्रेजी शब्दलाई 'मिनसिपल' भनेर नेपालीकरण गरिएको देखिन्छ। यस शब्दमा [य्], [उ] र [इ] ध्वनि लोप भएका छन्। यस कथामा पात्रका स्तरअनुसारले उक्त शब्दलाई नेपालीकरण गरिएको देखिन्छ। उक्त शब्द प्रयोगले प्रयोगकर्ता वा वक्ता अङ्ग्रेजी नजान्ने साधारण मानिस, अशिक्षित भन्ने कुरो इङ्गित गरेको छ। यस कथामा कालेकी आमाले उक्त शब्द प्रयोग गरेकीबाट ऊ अशिक्षित हुन् भन्ने कुरा थाहा लाग्दछ। यसै कुरालाई वाक्यका माध्यमद्वारा प्रस्तुत नगरेर कथाकारले उसकी बोलीद्वारा उजागर गरी भनाइमा आकर्षण भर्ने काम गरेका छन्। दृष्टान्त स्वरूप- 'कालेलाई सानोतिनो मिनसिपलको नोकरी सरले जुराइदिनुभएकै हो' (गुरुङ, इ सं २०१६, पृ- ९८)।

'जुलुसको मौसम' कथामा 'महँगो' शब्दका स्थानमा 'मुँगो' शब्द प्रयोग गरिएको छ। यस शब्दमा [ह्] ध्वनिको लोप भएको छ। यो शब्द 'जुलुसको मौसम' कथामा एउटी सब्जी बेच्ने आइमाईले प्रयोग गरेकी छन्। उक्त शब्द प्रयोगबाट उसको सामाजिक स्तर देखाउन खोजिएको छ। उसलाई अशिक्षित, निम्न वर्गीय स्तरको देखाउन कथाकारले यस शब्दको प्रयोग गरेको देखिन्छ। उक्त कथामा प्रयुक्त यस शब्दको नमुना यस प्रकार छ- 'के गर्नु स्टेकमा मुँगो नै पर्छ' (गुरुङ, वि सं २०१६, पृ-३९)।

उनको 'जुलूसको मौसम' नामक कथामा पनि मध्यवर्ण लोप भएको शब्दको नमुना लक्ष्य गर्न सकिन्छ। उक्त कथामा अङ्ग्रेजी शब्द 'स्ट्राइक'लाई 'स्टेक' का रूपमा नेपालीकरण गरिने क्रममा शब्दका कतिपय ध्वनि लोप गरिएको छ। उक्त शब्दमा [र्], [आ] र [इ] ध्वनि लोप भएको देखिन्छ। उक्त शब्द कथामा एकजना सागसब्जी बेच्ने पात्रले प्रयोग गरेकी छ। कथामा यस शब्दको प्रयोगबाट पात्र अशिक्षित रहेको कुराको जानकारी हुन्छ। उसलाई अङ्ग्रेजी भाषाको ज्ञान नभएको तर सुनेको भरमा बोलेको कुराले उसको अशिक्षितता दर्साएको छ। यसरी कथाकारले उसलाई अशिक्षित वा अङ्ग्रेजी भाषाको ज्ञान नभएको भनेर वर्णन नगरेर उक्त शब्दको प्रयोग गरी उसको अशिक्षितता प्रस्तुत गरेका छन्। 'जुलुसको मौसम' नामक कथामा प्रयुक्त यस शब्दलाई यसरी देखाउन सकिन्छ- 'दिदी हौ सब्जी पनि ल्याएको छु इस्कुसको मुन्टा। स्टेक भनेर भएन अब'

२.४.३ अन्त्य वर्ण लोप

कुनै शब्दका अन्तको वर्ण लोप हुनुलाई अन्त्यवर्ण लोप भनिन्छ। शब्दको सुरु वा माझमा जोड पर्नाले अन्त्यवर्ण लोपको स्थिति देखापर्दछ। प्रदीप गुरुङका कथामा कथ्य भाषाको प्रयोग गर्ने क्रममा अन्त्यवर्ण लोप भएको देखिन्छ। उनका कथामा अन्त्यवर्णको लोपअन्तर्गत एकाधिक वर्णहरूको लोप भएको देखिन्छ।

प्रदीप गुरुङको 'अर्ध' नामक कथामा प्रयुक्त 'जौँ' शब्दमा अन्त्यस्वर [ऊ] लोप भएको छ। यस कथामा अशिक्षित र गाउँले, पाखे भन्ने अर्थ बुझाउन उक्त शब्द प्रयोग गरिएको देखिन्छ। यस कथाका पात्रहरू केवल पैसाका लागि कुनै पार्टीमा लागेका कार्यकर्ताहरू हुन्। यसैले तिनीहरूको अशिक्षितपन दर्साउन तिनीहरूकै स्तरको भाषा कथामा प्रयोग गरिएको छ। जस्तै- 'दशैँ आउन लाग्यो। भोली त जौँ होइन पात्ने बाँस'(गुरुङ, इ सं २०१६, पृ-१५३)।

उनको 'सिन्दुर र खुकुरी' नामक कथामा प्रयुक्त 'गोर्खालेन' शब्दमा अन्त्यको [य्] र [ड्] ध्वनि लोप भएको देखिन्छ। यस कथामा पात्रको अशिक्षितता वा अज्ञानता दर्साउन, हियाएको वा दिकदारीको भाव प्रस्तुत गर्न उक्त शब्द प्रयोग गरिएको छ। उदाहरणार्थ- 'ए बढी, यो गोर्खालेन किन मागेको?' (गुरुङ, इ सं २०१६, पृ-७६)।

२.४.४ समध्वनि लोप

कुनै दुईवटा समध्वनिमध्ये एउटा ध्वनि लोप हुनुलाई समध्वनि लोप वा समाक्षर लोप भनिन्छ (गिरी, वि सं २०६३, पृ- ५५)। यस अन्तर्गत मुख्यतः व्यञ्जन ध्वनि लोप भएको देखिन्छ। प्रदीप गुरुङका कथामा प्रयुक्त 'खुचिङ' र 'माथ्लो' शब्दहरूमा समध्वनि लोप भएको छ। विशेषतः कथ्य भाषा प्रयोग गर्न वा भावगत नम्रता प्रकट गरी भनाइलाई आकर्षक बनाउने क्रममा उनका कथामा समध्वनि लोप भएको छ। उनका कथामा मुख्य रूपमा व्यञ्जन ध्वनि लोप गरिएको छ।

उनको 'भ्रमित' नामक कथामा 'माथिल्लो' शब्दका स्थानमा 'माथ्लो' शब्द प्रयोग गरिएको छ। उक्त शब्दमा दुईवटा समान ध्वनि [ल्] मध्ये एउटा [ल्] ध्वनि लोप भएको छ।

'वैरी माया' नामक कथामा आफ्नै सन्तानमाझ देखिएको वैमनस्यका कारण उत्पन्न खिन्नता अभिव्यक्त गर्न 'खुच्चिङ' शब्दमा एउटा [च्] ध्वनि लोप भएर 'खुचिङ' शब्दको निर्माण गरिएको छ। उदाहरणार्थ- 'पारीबाट गोर्खे खुचिङ खुचिङ' (गुरुङ, इ सं २०१६, पृ-६२)।

२.५ आगम

आगम भनेको सन्धि हुँदा कुनै ध्वनि थपिने प्रक्रिया हो। शब्दमा थपिन आउने ध्वनिहरू स्वर वा व्यञ्जन दुवै हुन्छन् र तिनीहरू शब्दका विभिन्न स्थानमा आएर थपिन्छन्। शब्दको स्थानविशेषको आगमका आधारमा यसलाई तीन आधारमा वर्गीकरण गर्न सकिन्छ- आदिवर्णागम, मध्यवर्णागम र अन्त्यवर्णागम। विशेषतः उच्चारण सुविधाका निम्ति मानिसले कठिन शब्दहरूलाई सरल तथा क्लिष्ट उच्चारणलाई आदिस्वरागम र मध्यस्वरागम आदिद्वारा सरल बनाउँछन्। प्रदीप गुरुङका कथामा विभिन्न भावोत्पादन गर्ने क्रममा शब्दका विभिन्न स्थानमा वर्णहरूको आगम भएको पाइन्छ। यो तीन प्रकारका हुन्छन्- आदिवर्णागम, मध्यवर्णागम र अन्त्यवर्णागम।

२.५.१ आदि वर्णागम

कुनै शब्दका सुरुमा कुनै ध्वनि थपिन आए त्यसलाई आदिवर्णागम भनिन्छ। **वैरी माया** कथा सङ्ग्रहमा आदिवर्णागम भएको शब्द एउटा मात्र छ। प्रदीप गुरुङको 'लाशजस्तो इच्छा' नामक कथामा 'वाकवाक' शब्दमा [ह्] ध्वनि आगम भएर 'ह्वाक ह्वाक' भएको छ। नेपाली भाषामा प्रचलित 'वाकवाक' शब्दका अगाडि [ह्] ध्वनि थपेर प्रदीप गुरुङले एकदमै नौलो तरिकाले शब्द प्रयोग गरेका छन्। 'वाकवाक' शब्दले बुझाउने कुनै घिनलाग्दो वा फोहोर वस्तुलाई देख्दा वान्ता आउला जस्तो हुनु भन्ने अर्थकै समानार्थी उक्त शब्द प्रयुक्त छ। यस कथामा डुमडुमलाई आफ्नै स्वास्नीको अनुहार एकदमै घृणित लागेको कुरा प्रबलतासँग अभिव्यक्त गर्न उक्त शब्द प्रयोग गरिएको छ। जस्तै- 'एकछिन भुँवरीदेवीको अनुहार हेर्दा उसलाई वान्ता आयो र उठेर ह्वाक ह्वाक वान्ता गर्न बाहिर गयो नालामा' (गुरुङ, इ सं २०१६, पृ-१११)।

२.५.२ मध्य वर्णागम

कुनै शब्दका माझमा कुनै वर्ण थपिन आए त्यसलाई मध्यवर्णागम भनिन्छ। मध्यवर्णागम संयुक्त व्यञ्जन भएका ठाउँमा बढी आउने गर्दछ (गौतम, वि सं २०४९, पृ-६९)। पाठमा भावातिरेक प्रस्तुत गर्ने क्रममा मध्यवर्णागमको परिपालन गरिएको पाइन्छ। प्रदीप गुरुङका कथामा मध्यवर्णागमका अनेक उदाहरण पाइन्छन्। मूलतः क्रोधावेश अभिव्यक्त गर्न, कुनै कुरामा जोड दिन, अर्थगत स्पष्टता उद्घाटन गर्न उनका कथामा मध्यवर्णागम भएको देखिन्छ। अन्य जातिको पहिचान गराउने हेतुले वा नेपाली भाषाप्रतिको अज्ञानता प्रस्तुत गर्ने हेतुले पनि उनका कथामा मध्यवर्णागमको विधान गरिएको देखिन्छ।

प्रदीप गुरुङको 'सिन्दुर र खुकुरी' नामक कथामा प्रयुक्त 'तिमरो' शब्दमा [अ] ध्वनिको आगम भएको छ। कथामा यस शब्दको प्रयोग चम्पा नामक एकजना आदिवासी आइमाईले प्रयोग गरेकीबाट उसको नेपाली भाषाप्रतिको अज्ञानता प्रस्तुत गर्न खोजिएको देखिन्छ। स्वाँर जातको आदिवासीले नेपाली भाषा बोलेको कुरा स्वाभाविक रूपमा प्रस्तुत गर्न ध्वनिमा परिवर्तन गरिएको छ। जस्तै- 'तिमरो बकरीहरू पनि कुद्दै आउँदैछ' (गुरुङ, इ सं २०१६, पृ-७४)।

यसै कथामा प्रयुक्त अर्को शब्द 'राक्षेस'मा पनि मध्यको [ए] ध्वनि थपिएको छ। क्षोभ, आक्रोश, घृणा जस्ता भाव टड्कारो रूपमा प्रकट गर्ने हेतुले उक्त कथामा 'राक्षेस' शब्दको प्रयोग गरिएको देखिन्छ। यस कथामा सिआरपीले लोग्नेलाई मारेर घरमा लुटपाट मच्चाएका हुनाले माइचाङ आमालाई हुनसम्मको रिस उठेको कुरा उद्घाटन गर्न वा उसको रिसको चरमोत्कर्ष प्रकट गर्न उक्त शब्दमा मध्यवर्णागम भएको छ। जस्तै- 'तल्लो तला सकेर माथिल्लो तलामा चढ्यो है राक्षेसहरू'(गुरुङ, इ सं २०१६, पृ-७८)।

प्रदीप गुरुङका कथामा रिसाउँदा, जोड गरेर भन्दा, कुनै कुरालाई यही नै हो भन्ने देखाउन वा बुझाउन शब्दमा मध्यव्यञ्जन ध्वनि आगम भएको देखिन्छ। उनका कथामा यस्ता शब्दहरू धेरै छन्।

उनको 'सम कथा'मा प्रयुक्त 'काट्टीकुट्टी' शब्दमा मध्यव्यञ्जन [ट्] आगम भएको देखिन्छ। यस कथामा म पात्रले आभासालाई कुनै दार्शनिक जस्तै देखेको कुरालाई जोड दिन उक्त शब्द प्रयोग गरिएको छ। यस शब्दले अरू कोही होइन दार्शनिकै जस्तो हो भनेर सत्य कुरामा जोड दिन खोजेको छ। जस्तै- 'यसोभन्दा आभासालाई मैले जूनको मलीन ज्योतिमा काट्टीकुट्टी कुनै दार्शनिक जस्तो देखेँ' (गुरुङ, इ सं २०१६, पृ-४७)।

'वैरी माया' कथामा 'उजियो' शब्दमा [ज्] ध्वनि थपिएर 'उज्जियो' भएको छ। यस शब्दले जैवीरेले विरोधी दलका मानिसहरूलाई मार्न खुकुरी उज्याएको कुरालाई जोड दिएर भन्न वा उसको उक्त काम एकदमै बलपूर्वक र क्षोभपूर्ण थियो भन्ने बुझाउन उक्त शब्दमा [ज्] ध्वनि थपिएको देखिन्छ। यस शब्दको प्रयोगले कथाको घटनास्थिति भयावह थियो भन्ने कुरा उजागर गर्न खोजिएको छ। यस कथामा प्रयुक्त उक्त शब्दको नमुना यस प्रकार छ- 'उता फेरी जैवीरेको खुकुरी उज्जियो' (गुरुङ, इ सं २०१६, पृ-६४) ।

यसै कथामा भनाइगत स्पष्टता प्रकट गर्न, ध्यानाकर्षण गराउन तथा दिकदारी जस्ता भावाभिव्यञ्जन गर्न 'पचासी' शब्दमा [य्] ध्वनि आएर 'पच्यासी' भएको देखिन्छ। जस्तै- 'यो लगाएर अब छिनिने टाउकोको सङ्ख्या कति पुग्छ? पच्यासी सर...' (गुरुङ, इ सं २०१६, पृ-७०) । उक्त शब्द प्रयोगबाट जैवीरेको ढिपीले उसका कार्यकर्ताहरू दिक्क भएको कुरा उदाङ्गो पारिएको छ।

नेता भनौदाहरूले साधारण जनतालाई केवल उपभोग्य वस्तु मात्र ठान्ने कुराप्रति आक्रोश र विरोध जनाएको कुरा प्रस्तुत गर्न 'सिन्दुर र खुकुरी' नामक कथामा 'यिनीहरू' शब्दमा [न्] ध्वनि थपेर 'यिन्नीहरू' प्रयोग गरिएको छ। पहिला उनीहरूलाई उठीबास लाउन खोज्ने नेताहरू अहिले उनीहरूकै गाउँमा भोट माग्न आएका कुराले

रिसाएकी चम्पा सँवरले नेताहरूलाई धिक्कारेकी कुरा पनि उक्त शब्द प्रयोगबाट उद्घाटन गर्न खोजिएको देखिन्छ। जस्तै- "ए बढी, पहिला त यिन्नीहरूले नै 'सोमरा मोङरा राँची जाओ, जेठा माइला नेपाल जाओ' भनेको" (गुरुङ, इ सं २०१६, पृ-७६)।

स्नेहभाव दर्साउने क्रममा पनि प्रदीप गुरुङका कथामा मध्यवर्णागम भएको छ। 'काली केटी र सरहरू' नामक कथामा प्रयुक्त 'बाट्ठी' शब्दमा [ट्] ध्वनिको आगमले स्नेहभाव उद्घाटन गरेको छ। यस कथामा कालीले राज सरलाई कालेकी छोरीको शङ्कास्पद व्यवहारबारे बताउँदा अरूको चियो गर्नु राम्रो होइन भन्ने कुरा बुझाउन रिसाएको भान पारेर तर स्नेह मिश्रित स्वरमा उसलाई हकारेको कुरा व्यक्त गर्न कथामा उक्त शब्द प्रयोग गरिएको देखिन्छ। कथामा प्रयुक्त उक्त शब्दको नमुना यस प्रकार छ- 'भयो भयो, बाट्ठी...कहाँबाट सुन्छेस् अर्काको कुरा' (गुरुङ, इ सं २०१६, पृ- ९७)।

प्रबल इच्छाशक्ति अभिव्यक्त गर्न, जिम्मेवारी बोध, उत्साह जस्ता भावाभिव्यक्ति बलपूर्वक प्रकट गर्न पनि प्रदीप गुरुङका कथामा मध्यवर्णागम गरिएको छ। 'लावारिस उपहार' कथामा 'दोबर' शब्दको प्रयोग 'दोब्बर' का रूपमा भएको छ। यस शब्दमा [ब्] ध्वनिको आगम भएको छ। यस शब्दले एउटा छोरो हुँदो हो त अझ धेर मेहनत गरेर कमाइ गर्ने थिएँ भन्ने मुनरीको प्रबल इच्छा शक्तिलाई अभिव्यक्त गरेको छ। वस्तुतः उक्त शब्द प्रयोगबाट मुनरीको बाँच्ने शक्ति, जाँगर, मेहनत गर्ने, सन्तानप्रतिको जिम्मेवार बोध जस्ता भाव निष्पन्न भएको छ। जस्तै- 'छोरो भइदिएको भए दोब्बर कमाइको लागि अझ जोडले कराउने थिई' (गुरुङ, इ सं २०१६, पृ-१३४)।

'गाउँको अङ्गालो' कथामा 'छिटो' शब्द 'छिट्टो'का रूपमा प्रयोग गरिएको छ। एकदमै आत्तिएको बुझाउन, एकदमै चाँडो भन्ने बुझाउन वा लाग्ने समयभन्दा अझ अघि काम हुन्छ भन्ने देखाउन उक्त शब्दको प्रयोग गरिएको छ। यस कथामा माटोले भन्दा अझ छिटो हिलोले आगो निभ्ने कुरा बुझाउन उक्त शब्द प्रयोग गरिएको छ। जस्तै- 'माटो लगाऊ। हिलो रहेछ। अझ यसले आगो छिट्टो निभ्छ' (गुरुङ, इ सं २०१६, पृ-१४३)।

यसै कथामा 'बजिया' शब्दको ठाउँमा 'बज्जिया' शब्द प्रयुक्त छ। उक्त शब्द प्रयोगले रिसाएको भन्ने कुरा बुझाएको छ। एकजना मानिसले दुई दलमाझ झगडा लगाउने कुरा गर्दा रिसले गाली गर्दा अझ बढी रिस देखाउन वा रिसको चरम अवस्थाको उद्घाटन गर्न उक्त शब्दको प्रयोग गरिएको छ। जस्तै- 'एकछिन भकुन्यो। र अपशब्द बोलेर भन्यो अब उसो यस्तो बात् भन् त बज्जिया' (गुरुङ, इ सं २०१६, पृ- १४३)।

'गाउँ फर्केकी कान्छी' कथामा अधिक क्रोधित भएको देखाउन 'ऐयासी' शब्दमा [य्] ध्वनिको आगम भएर 'ऐय्यासी' भएको छ। यस शब्द प्रयोगबाट रिस, क्षोभ, घृणा आदि भाव अभिव्यञ्जित भएको देखिन्छ। गाउँकी सरल, सोझी कान्छीको इज्जतसँग खेल्ने मालिकलाई रहरमानले फलामको रडले हिर्काएर मारेको कुराले 'ठिक् पन्यो' भन्ने भाव पनि झल्किएको छ। जस्तै- 'रत्ताम्मे भएरै लड्यो त्यो लिखुरे तर ऐय्यासी ठेकेदार मालिक' (गुरुङ, इ सं २०१६, पृ-१२६)।

२.६ स्वर सङ्गति

यसमा कुनै स्वरसँगैको व्यञ्जनभन्दा अघि वा पछि रहेको स्वरजस्तै बन्दछ, तर स्वरहरूको माझमा स्थित व्यञ्जनमा भने परिवर्तन हुँदैन। प्रदीप गुरुङका कथामा पाइने 'रोबोट', 'गिरिप' यस्तै शब्दहरू हुन्। कथ्य भाषाको प्रयोग, गाउँले वा अशिक्षितता दर्साउने हेतुले प्रदीप गुरुङका कथामा उपर्युक्त शब्दहरू सोद्देश्य प्रयोग गरिएको देखिन्छ।

प्रदीप गुरुङको 'स्यान्ट्रो, सेलरोटी र ढुङ्ग्रो' नामक कथामा 'गरिब' शब्दको प्रयोग 'गिरिप'का रूपमा गरिएको छ। उक्त शब्दमा अघिल्लो [अ] ध्वनि पछिल्लो [इ] ध्वनिजस्तै बनेको छ। यसरी नै 'रोबर्ट' शब्दमा पछिल्लो [अ] ध्वनि अघिल्लो [ओ] ध्वनि जस्तै भएर 'रोबोट' भएको छ।

३ निष्कर्ष

प्रत्येक भाषाका ध्वनिमा निरन्तर परिवर्तन भइरहन्छ। भाषिक ध्वनि परिवर्तनका विभिन्न कारणहरू हुन्छन्। उच्चारण सुविधाका निम्ति मानिसले क्लिष्ट शब्दहरूलाई सरल रूपमा प्रयोग गर्दा ध्वनिमा परिवर्तन आउँदछ। यसरी कुनै पाठमा पात्रको स्तर अनुरूपको भाषा प्रयोगमा स्वाभाविकता ल्याउन कहिलेकहीँ भाषिक ध्वनिमा परिवर्तन गर्नु पर्ने आवश्यकता हुन्छ। यही आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले पाठमा भाषिक ध्वनिमा परिवर्तन आएको देखिन्छ। प्रदीप गुरुङका कथामा मूलतः कथ्य भाषाको प्रयोगमा स्वाभाविकता ल्याउने क्रममा भाषिक ध्वनि परिवर्तन भएको छ। भाषिक ध्वनि परिवर्तनका समीभवन, विषमीभवन, आगम, लोप, महाप्राणीभवन, अल्पप्राणीभवन आदि प्रक्रियाका आधारमा उनका कथाको अध्ययन गर्न सकिन्छ। कुनै अत्यन्त आवश्यक वा महत्त्वपूर्ण, आपत्तिजनक, संवेदनशील, भयावह र गम्भीर कुरालाई पनि अति सामान्य तरिकाले वा सहजतासँग व्यक्त गर्न उनका कथामा भाषिक ध्वनि परिवर्तन गरिएको देखिन्छ। उनको **वैरी माया** कथा सङ्ग्रहमा सङ्ग्रहित कथामा भाषिक ध्वनि परिवर्तनका आन्तरिक र बाह्य दुवै कारणहरू टड्कारो रूपमा ध्वनित भएको पाइन्छ। उनका कथामा मूलतः उच्चारणका क्रममा हुने परिवर्तन वा भावात्मक आवेगका कारण आउने ध्वनिगत परिवर्तन लक्ष्य गर्न सकिन्छ। उनका कथामा हिन्दी, थारू, बङ्गाली, बिहारी, आदिवासी आदि विभिन्न जातिका पात्रहरूको उपस्थिति पाइन्छ। वस्तुतः सांस्कृतिक मिश्रणले वा अन्य जातिका पात्रहरूको नेपाली बोल्ने ढङ्गलाई स्वाभाविकतासँग प्रस्तुत गर्ने क्रममा पनि उनका कथामा ध्वनिगत परिवर्तन भएको देखिन्छ। ध्वनि परिवर्तनका बाह्य कारणमध्ये भौगोलिक विभिन्नताले पनि उनका कथामा प्रयुक्त ध्वनि परिवर्तनमा मुख्य भूमिका निर्वाह गरेको छ। पात्रको स्थानगत परिचय गराउने क्रममा तथा हाम्रो जातिप्रति अन्य जातिको दृष्टिकोण उदाङ्गो पार्ने क्रममा उनका कथामा कतिपय शब्दका ध्वनिहरूमा परिवर्तन गरिएको देखिन्छ। विशेषतः पात्रलाई अशिक्षित, गाउँले, पाखे देखाउन, कुनै कुरालाई बलपूर्वक व्यक्त गर्न वा जोड दिन, क्रोधावेश अभिव्यक्त गर्न, हेयबोध, दिकदारी, उत्साह, खुच्चिङ मच्चाउन, जिम्मेवारी बोध गराउन, पूर्वाग्रहको भाव, परिहास, व्यङ्ग्य जस्ता विविध भावाभिव्यञ्जना गर्न उनका कथामा ध्वनिगत परिवर्तनको उद्देश्य देखिन्छ।

यसरी नै पात्रको उमेर परोक्ष रूपमा प्रस्तुत गर्नु वा उसको बोलीमार्फत उमेर खुलस्त पार्नु पनि भाषिक ध्वनि परिवर्तनको ध्येय रहेको देखिन्छ। यसरी पात्रका स्तर र वर्गअनुरूपको भाषिक व्यवहारमा स्वाभाविकता ल्याउने उद्देश्य नै उनका कथामा प्रयुक्त ध्वनिको परिवर्तित रूपको प्रयोगले इङ्गित गरेको छ। पाठमा वर्णन गरिरहनु पर्ने कुरालाई पात्रको भाषिक व्यवहारमार्फत व्यक्त गरेर पाठमा संक्षिप्तता ल्याएको हुनाले र एउटा ध्वनिको परिवर्तनले एकाधिक कुराको जानकारी दिएर अर्थगत गाम्भीर्य सिर्जना गरी पाठलाई आकर्षक तुल्याउने हेतुले उनका कथामा भाषिक ध्वनिमा परिवर्तन गरिएको देखिन्छ।

सन्दर्भ

१ अधिकारी हेमाङ्गराज, वि सं २०६८, **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौँ, विद्यार्थी प्रकाशन प्रा लि

२ गिरी जीवेन्द्र, वि सं २०६३, **भाषाविज्ञान भाषा र भाषिका**, काठमाडौँ, एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा लि

३ गुरुङ प्रदीप, इ सं २०१६, **वैरी माया**, गोरुबथान, नवयुग नेपाली पुस्तक मन्दिर

४ गौतम देवीप्रसाद, वि सं २०४९, **नेपाली भाषा परिचय**, ललितपुर, साझा प्रकाशन

५ ढकाल शान्तिप्रसाद, वि सं २०६६, **सामान्य र प्रायोगिक भाषाविज्ञान**, काठमाडौँ, शुभकामना प्रकाशन

६ तिवारी भोलानाथ, इ सं २०११, **हिन्दी भाषाकी संरचना**, नई दिल्ली, वाणी प्रकाशन

७ तिवारी भोलानाथ, इ सं २०१८, **शैलीविज्ञान**, किताबघर प्रकाशन, नयी दिल्ली, शुभकामना प्रकाशन

८ न्यौपाने टङ्कप्रसाद, वि सं २०६१, **भाषाविज्ञानको रूपरेखा**, विराटनगर, एन बी डी प्रकाशन

९ पोखरेल बालकृष्ण, वि सं २०५०, **राष्ट्रभाषा**, काठमाडौँ, साझा प्रकाशन

१० यादव योगेन्द्रप्रसाद र भीमनारायण रेग्मी, वि सं २०५९, **भाषाविज्ञान**, काठमाडौँ, न्यु हिरा बुक्स इन्टरप्राइजेज

११ शर्मा मोहनराज, वि सं २०५५, **भाषाविज्ञान र नेपाली भाषा**, तृतीय संस्करण, काठमाडौँ, नवीन प्रकाशन